आदरणीय आमाबुबा/अभिभावक ज्यू,

**किन्डरगार्टेन तथा 2034 को कक्षामा स्वागत छ !**

वेस्टरभिल सिटी स्कुलस् ले हरेक गृह विद्यालयमा आधा-दिन तथा पूरा-दिन किन्डरगार्टेन गरी दुवै प्रकारको किन्डरगार्टेन उपलब्ध गराउँछ । पूरा-दिन किन्डरगार्टेन शुल्क लाग्ने, लोटरी (चिठ्ठा) कार्यक्रम हो जसमा योग्यता भएकाहरूलाई शिक्षण शुल्क सहयोग उपलब्ध हुन्छ । पूरा-दिन किन्डरगार्टेनमा आवेदन दिन चाहने जोकोहीले पनि शुक्रबार, जनवरी ८ को बिहान १०:०० बजे पश्चातबाट सुरु हुनेगरी अनलाइन भर्ना आवेदनको हिस्साको रूपमा पूरा-दिन किन्डरगार्टेन आवेदन पूरा भरेर बुझाउन सक्छन् । थप विवरण http://www.wcsoh.org/ADK मा पाउन सकिन्छ ।

अनलाइन दर्ता प्रक्रियाको सम्बन्धमा थप जानकारी को लागि www.wcsoh.org/kindergarten मा उपलब्ध *Kindergarten 101* हेर्नुहोस् । अनलाइन भर्ना आवेदनले तपाईंलाई आवेदनको अन्तमा दर्ता एपोइन्टमेन्टका लागि समय मिलाउन मौका उपलब्ध गराउँछ । कृपया आफ्नो कानूनी अभिभावकको हालको कार्यरत ईमेल ठेगाना समावेश गर्नुहोस्।

**चाँडो नाम दर्ता गर्नुहोस् र पछि हतारहतार गर्नेबाट छुटकारा पाउनुहोस् !** हामी हाम्रो सबैभन्दा नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति दर्ता एपोइन्टमेन्टका लागि र उपयुक्त कक्षाकोठा कार्यभारहरूको समयमै योजना बनाउन, यातायातका रूटहरू मिलाउन, कक्षाकोठाको क्षमता विकास गर्न र पूरा-दिन किन्डरगार्टेन चिट्ठामा प्रवेश गर्नका लागि आठ (८) हप्ताको समय दिइरहेका छौं ।

अनलाइनमा पूर्व-दर्ता गर्नका लागि, शुक्रबार, जनवरी ८ बिहान १०:०० बजे पछि, कृपया निम्न स्थानमा संपर्क गर्नुहोस्:

1. जिल्लाको वेबसाइट www.wcsoh.org मा जानुहोस् । हरियो 'विद्यार्थी भर्ना वा तपाईंको हालको ठेगाना अध्यावधिक गर्नुहोस्' बक्समा क्लिक गर्नुहोस् ।

2. अर्को पृष्ठमा, आफ्नो बच्चा भर्ना गर्नुहोस्, तपाईंले प्याजी रङको *2021-2022 Enrollment* बटनमा क्लिक गर्नुपर्नेछ जसले तपाईंलाई विस्तृत जानकारी भएको भर्ना पृष्ठमा लैजानेछ ।

3. हरियो रङको '*Begin Enrolling Now*' बटनमा क्लिक गर्नुहोस् जसले अनलाइन आवेदन खुला गर्नेछ ।

4. तपाईंलाई युजर नेम तथा पासवर्ड (कृपया यसलाई लेखेर सुरक्षित राख्नुहोस्) बनाउन निर्देशित गरिनेछ जसले तपाईंलाई यस प्रक्रियालाई शुरू गर्न, आफ्नो जानकारी सेभ गर्न र (यदि आवश्यक भएमा) पछि कुनै समयमा आएर जानकारी पूरा भर्न अनुमति दिनेछ ।

5. तपाईंको अपोइन्टमेन्ट केवल स्थान रोक्का गर्नको लागि हो र यसले हाम्रो नामदर्ता समूहलाई एउटा सक्रिय नामदर्ता आवेदन प्रक्रिया हुदैछ भन्ने कुराको सचेत गराउंदछ। तपाईंको अपोइन्टमेन्ट केवल ईमेल संचार मात्र हुनेछ, किनकि हाम्रो ओहायो स्वास्थ्य कार्यालय सार्वजनिक रूपमा **बन्द** छ।

6. एकजना भर्ना विशेषज्ञद्वारा, जसले आवश्यक कागजातको पुष्टि गर्नेछन र तपाईंलाई अन्तिम नामदर्ता प्रक्रियामा मद्दत गर्नेछन, ईमेलको माध्यमबाट तपाईंलाई सम्पर्क राख्नुहुनेछ।

7. आवश्यक कागजातहरू अब सिधै अनलाइन नामदर्ता आवेदन मार्फत अपलोड गर्न सकिन्छ वा तपाईंले आफ्नो कागजातहरू भर्ना विशेषज्ञलाई ईमेल मार्फत पठाउन सक्नुहुन्छ।

हामी तपाईं तथा तपाईंको किन्डरगार्टेन विद्यार्थीलाई हाम्रो वेस्टरभिल स्कुल परिवारमा स्वागत गर्नका लागि प्रतिक्षा गरिरहेका छौं !

*भर्ना प्रक्रिया शुरू गर्नका लागि कृपया www.wcsoh.org/enroll मा जानुहोस्*

# नाम दर्ताका लागि आवश्यक कागजपत्र

1. **जन्म प्रमाणपत्र**
   - सक्कल जन्म प्रमाणपत्र

2. **संरक्षकत्व जिम्मा भएको आमा/बुबाको फोटो सहितको परिचयपत्र**

3. **आवासको प्रमाणीकरण - आवास अनुमतिको दुइ (2) वटा प्रमाणहरू आवश्यक***

**उपलब्ध गराइएका प्रमाणहरू आवेदनमा अपलोड गरिएको लागू योग्य स्क्यान वा फोटोहरू **हुनुपर्छ** ।*

****आवास अनुमतिको शपथ: यदि कानुनी अभिभावक / संरक्षकत्व जिम्मा पाएका आमा/बुबा Westerville School District हाजिरी सीमाहरू भित्र बसोबास गर्ने कुनै साथी वा परिवारको सदस्यसँगै बस्दै हुनुभएमा सो बासिन्दाले अनिवार्य रूपमा आफ्नो फोटो सहितको परिचयपत्र तथा उनले आफ्नो दुइ (2) वटा आवास अनुमतिको प्रमाणहरू उपलब्ध गराउनुपर्छ । यदि वेस्टरभिल निवासी, जोसँग तपाईं बस्दै हुनुहुन्छ, भाँडामा बसिरहनुभएको छ भने तपाईंको नाम (कानुनी अभिभावक/संरक्षकत्व जिम्मा पाएका आमा/बुबा) त्यस कबुलियत (लिज) मा अनिवार्य थप गर्नुपर्छ ।***

**A बाट एउटा (1) प्रमाण र B बाट एउटा (1) प्रमाण उपलब्ध गराउनुहोस्:**

**A:**

- कबुलियतमा संरक्षकत्व जिम्मा पाएका आमा/बुबाको नाम लेखिएको (वित्तीय जानकारीलाई मात्र संशोधन गर्ने विकल्पसहित), हस्ताक्षर पृष्ठ र घरधनीको नाम तथा फोन नम्बर भएको **हालको सक्रिय*** भाडा/कबुलियत सम्झौता; ***वा***
  ****यदि मासिक रूपमा भाडामा बस्नुभएको छ भने (व्यापारिक लेटरहेडमा) घरधनीको नाम तथा फोन नम्बर सहित कबुलियत सम्झौता तथा वर्तमानको प्रमाण ल्याउनुहोस् ।***
- संरक्षकत्व जिम्मा पाएका आमा/बुबाको नाम लेखिएको (वित्तीय जानकारीलाई मात्र संशोधन गर्ने विकल्पसहित) **वर्तमानको** (पछिल्लो 30 दिनभित्रको मिति भएको) धितो विवरण; ***वा***
- सम्पत्ति खरिद गर्नका लागि खरिद करार सम्झौता (यदि भर्ना गरेको 90 दिनभित्रमा सम्पत्तिको खरिदलाई पूरा गर्नुहुनेछ) (वित्तीय जानकारीलाई मात्र संशोधन गर्ने विकल्पसहित); ***र***

**B:**

- वर्तमानको (पछिल्लो 30 दिनभित्रको मिति भएको) सार्वजनिक उपयोगिता सेवाको बिल (अर्थात् ग्यास, पानी, विद्युत, ल्यान्डलाइन फोन, केबल वा इन्टरनेट) जसले Westerville School District को निवासी तथा कानुनी अभिभावक/संरक्षकत्व जिम्मा पाएका आमा/बुबा बस्ने ठेगानामा सेवा उपलब्ध गराएको देखाउँछ; **वा**
- Westerville School District को ठेगाना र कानुनी अभिभावक/संरक्षकत्व जिम्मा पाएका आमा/बुबाको नाम देखाउने वर्तमानको (पछिल्लो 30 दिनको मिति भएको) सरकारी पत्राचार (अर्थात् बाल भरणपोषण, सरकारी सहयोग)

4. **खोप सम्बन्धी अभिलेखहरू** - अद्यावधिक गरिएको खोपको अभिलेख(हरू) उपलब्ध गराइनुपर्छ (चिकित्सकको कार्यालयबाट ल्याइएको प्रिन्टआउट पनि हुनसक्छ) । ओहियो संशोधित संहिताले विद्यालय शुरू भएको पहिलो 14 दिन भित्रमा खोपहरूको प्रमाण उपलब्ध गराइनुपर्छ भनेर अनिवार्य गरेको छ, अन्यथा बच्चालाई विद्यालयमा उपस्थित हुनबाट रोक लगाइनेछ ।

**अन्य देशबाट आएका ती नयाँ वा फर्किने विद्यार्थीहरू जो वेस्टरभिले स्कुल डिस्ट्रिक्टमा प्रवेश गर्दैछन् तिनीहरूले अमेरिकाको कुनै फिजिसियन वा क्लिनिकबाट नकारात्मक टिबि परीक्षण (मान्टाउक्स पिपिडि उत्तम) वा नकारात्मक छातीको एक्स-रेको दस्तावेज बुझाउनु पर्नेछ ।*

5. **सम्बन्धविच्छेद/संरक्षकत्व जिम्माको लिखित प्रमाण** (यो तपाईंको परिस्थितिमा लागू हुन्छ) - अदालतद्वारा हस्ताक्षर गरिएको तथा मिति/समयको छाप **लगाइएको हुनुपर्छ**:
   - अन्तिम सम्बन्धविच्छेद आदेश जसमा विद्यालय भर्नाका लागि आवासीय आमा/बुबाको रूपमा निर्दिष्ट आमा/बुबाको नाम तोकिएको साझा पालनपोषण योजना समावेश हुनसक्छ वा
   - हजुरआमा-हजुरबुबा वारिसनामा वा
   - निर्दिष्ट अभिभावकको नाम तोकिएको अस्थायी संरक्षकत्व जिम्मा आदेश वा
   - सैन्य वारिसनामा

6. **हालको IEP, ETR वा 504 योजना** (यदि यो तपाईंको बच्चामा लागू हुने भएमा)

***भर्ना आवेदन पूरा गरे पश्चात आफ्नो एपोइन्टमेन्टका लागि समय मिलाउनुहोस् !***